पाँचखाल नगरपालिका

नगरकार्यपालिका‌को कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक

**पाँचखाल नगरपालिकाले सेवा/तालिम प्रदायक संस्था/कम्पनीहरुको लागि प्राविधिक र आर्थिक प्रस्तावको लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त (Terms of Reference)**

**१. व्यवसाय सेवा प्रदायक संस्थाले गर्नु पर्ने कामको पृष्ठभुमी :**

बागमती प्रदेश सरकारद्धारा प्रकाशित प्रदेश बिशेष अनुदान सम्बन्धी कार्यबिधि अर्न्तगत विपन्न समुदायको क्षमता विकास कार्यक्रम यस पाँचखाल नगरपालिकामा स्वीकृत भई बिभिन्न १४ प्रकारका सीप विकास तथा क्षमता विकास सम्बन्धी कार्यक्रम, प्रविधि हस्तान्तरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न यस नगरपालिकामा E-biding को माध्यमबाट पेश हुन आएका आशयपत्रहरुको मुल्याङ्कनबाट छनौट भएका योग्य सेवा प्रदायक संस्था/कम्पनीहरुबाट प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्नको लागि यो कार्यक्षेत्रगत शर्त (TOR) तयार गरिएको छ।

आ.ब २०८०/०८१ मा बिपन्न समुदायको क्षमता विकास कार्यक्रम कार्यान्वायनको लागि यस पाँचखाल नगरपालिकामा पेश हुने प्राविधिक र आर्थिक प्रस्तावहरु मध्येबाट योग्यताक्रमको आधारमा उत्कृष्ट संस्था छनौट गरी सो संस्थासंग कार्यक्रम सम्झौता गरिनेछ।

**२. विपन्न समुदायको क्षमता विकास सम्बन्धी कार्यक्रमको उद्देश्य:**

गरिवीका रेखा मुनि रहेका विपन्न वर्गका महिला पुरुष, दलित, जननजाती, सिमान्तकृत समुदाय, सामाजिक, शैक्षिक, आर्थिक रुपले पछाडीएका वर्गहरु, न्युन आय भएका दैनिक ज्यालादारी गरि जिविकोपार्जन गर्न बाध्य भएका विपन्न परिवारको समुदायको आयस्तर बृद्धि गरी रोजगारी एंव स्वरोजगारीको अवसरहरु प्रदान गरी उनिहरुको आर्थिक स्तर सुधार साथै क्षमता अभिबृद्धि गर्नु यस कार्यक्रमको मुल उद्देश्य रहेको छ ।

३. कार्यक्रम लागु हुने क्षेत्र , कार्यक्रम र लक्ष्य

यो कार्यक्रमको कार्यक्षेत्र यस नगरपालिकाको १३ वटै वडा कार्यालयहरुमा रहनेछ। यस कार्यक्रमको समन्वय र निर्णय पाँचखाल नगरपालिकाको कार्यालयले निर्धारण गर्नेछ ।

४. छनौट भएका संस्थाले गर्नुपर्ने कार्यहरु:

४.१ सिप बकास तालिम संचालन

सिप विकास तालिम भन्नाले तोकिएको संख्यामा सहभागि छनौट गरि कार्यालय संगको सहकार्यमा कार्यालयले तोकेको लक्ष्य अनुरुप तालिम संचालन गर्नुपर्नेछ । तालिम प्रदायक संस्थाहरुले तालिम संचालन गर्दा तोकिएको अवधि र सम्झौता बमोजिम तालिम संचालन गर्नु पर्ने छ। संचालन गर्नु पर्ने तालिमहरुको नाम प्रशिक्षार्थि संख्या र तालिम अवधी देहाय बमोजिम हुनेछ ।

| क सं | तालिमको तथा कार्यक्रमको नाम | लाभान्वित हुने सङ्ख्या (जना) | तालिमको समयाबधी |
|---|---|---|---|
| १ | दालमोठ, आलुचिप्स बनाउने तालिम र प्रबिधि खरिद | १० | १० दिन |
| २ | केचप बनाउने सम्बन्धी सिप विकास तालिम र प्रविधि हस्तान्तरण कार्यक्रम | १५ | १० दिन |
| ३ | बेकरी सम्बन्धी तालिम | १० | ४५ दिन |
| ४ | छालाको जुत्ता सिलाउने सम्बन्धी तालिम र प्रबिधि हस्तान्तरण कार्यक्रम | १५ | १ महिना |
| ५ | फाईवर झोला बनाउने सम्बन्धी तालिम, प्रबिधि खरिद | १५ | ७ दिन |
| ६ | उदघोषण तालिम | ३० | ७ दिन |
| ७ | बारिष्टा सम्बन्धी तालिम | ३० | १ महिना |
| ८ | आधुनिक कृषि औजार मर्मत सम्बन्धी तालिम | १५ | ४५ दिन |
| ९ | मोबाईल मर्मत सम्बन्धी एड्भान्स सीप विकास तालिम | १० | ४५ दिन |
| १० | एड्भान्स व्युटिपार्लर सम्बन्धी सीप विकास तालिम | २० | ४५ दिन |
| ११ | एड्भान्स/ डिजाइन सिलाईकटाई सम्बन्धी तालिम र प्रविधि हस्तान्तरण | २० | ४५दिन |
| १२ | हजाम सम्बन्धी तालिम | १० | १ महिना |
| १३ | ढाका बुनाई सम्बन्धी एड्भान्स तालिम सञ्चालन र प्रविधि खरिद | १० | ४५ दिन |
| १४ | गलौचा बुनाई सम्बन्धी एड्भान्स तालिम र प्रबिधि खरिद | १० | 45 दिन |

## ४.२ प्रबिधि हस्तन्तरण

प्रबिधिमा पहुंचका लागि प्रविधी हस्तान्तरण र सहजिकरणः तालिम लिई सकेका व्यक्तिहरुलाई तालिम सुचिमा उल्लेखित आवश्यक पर्ने उपयुक्त प्रविधि उपलब्ध गराउनका लागि आवश्यक प्रविधि पहिचान गरी सम्बन्धित निकाय संग समन्वय गरी सहभागिहरुलाई आवश्यक उपयुक्त प्रविधि हस्तान्तरण गर्नुपर्नेछ। साथै सिप विकास तालिममा प्रयोग भएका प्रविधिहरुलाई समेत कुनै दोस्रो पक्षलाई बिक्रि गर्न नपाईने , भाडामा दिन नपाईने भन्ने शर्तहरु उल्लेख गरी सोहि उद्यमीहरुलाई नै करार सम्झौता गरी हस्तान्तरण गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

## ४.३ तालिमको तथ्याङ्क तथा विवरण उपलब्ध गराउने

तालिम सेवा प्रदायक/सेवा प्रदायक संस्थाले तालिम र प्रविधि हस्तान्तरणका हरेक क्रियाकलापहरुको विवरण तयार पारी कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ । साथै तालिमको बिस्तृत प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्ने छ। संस्थाले कार्यालयमा पेश गर्नुपर्ने प्रतिबेदन, तथ्याङ्क, लगायतको बिवरण सम्झौतामा तोकिएको समयावधि भित्र पेश गरीसक्नु पर्नेछ ।

५. सेवा प्रदायक संस्थाको अनुभव, समाबेशिता, क्षमता, जनशक्ती र न्युनतम योग्यता :

क) संस्थाको अनुभव, दर्ता, भौगोलिकता समाबेशिता तथा कार्यक्षमताः सेवा प्रदायक संस्थाले व्यवसायिक सिप विकास वा विपन्न वर्ग वा रोजगारी सृजना हुने क्षेत्रमा काम गरेको अनुभव भएको हुनु पर्ने । सोही जिल्लामै कार्यालय स्थापना गरी  वा जिल्लामा कार्यक्रम सन्चालन गर्ने अनुमति लिई कार्य संचालन गरेको संस्थालाई प्राथमिकता दिईने छ। महिला, (दलित महिला वा पुरुष) (जनजाती महिला वा पुरुष), मधेशी महिला वा पुरुषले नेतृत्व गरेको संस्थालाई प्राथमिकता दिईनेछ। तर यसका लागि सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट जनजाती, दलित, वा मधेशी भनि प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ।

ख) संस्थाले प्रस्ताव गर्नुपर्ने जनशक्ती :

१) कार्यक्रम संयोजक/व्यवस्थापक- १ जना

i. आवश्यक नयुनतम योग्यता स्नातक तह वा सो सरह उर्तिण गरेको हुनुपर्नेछ। स्नातकोत्ततर उपाधि हासिल गरेकोलाई ग्राहयता ( Priority ) दिईनेछ।

ii. अनुभवः सीपमुलक तालिम, व्यासायिक विकास, प्रविधि हस्तान्तरण वा विपन्न समुदाय वा आयआर्जनको क्षेत्रमा योजना संयोजन, निर्देशन र निरिक्षण जस्ता क्रियाकलापमा कम्तिमा १ वर्षको अनुभव प्रास गरेको हुनुपर्नेछ। तर प्रस्ताव पेश गर्ने संस्था/कम्पनीबाट प्रमाणित कार्यअनुभव उपर मुल्याङ्कन गरिने छैन्।

iii. लैगिक तथा सामाजिक समाबेशी महिला वा आदिवासी/जनजाती वा दलित वा मधेशी वा अपाङ्ग वा पिछाडिएका क्षेत्रलाई प्राथमिकता दिईनेछ। तर सम्बन्धीत जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित प्रतिलिपी पेश भएको हुनुपर्नेछ।

iv. जिल्ला भित्र वा स्थानीय संयोजकलाई प्रथमिकता दिईनेछ।

२) प्रत्येक तालिमको लागि १ जना बिषयगत तालिम प्रशिक्षकः

i. प्रशिक्षकको आवश्यक न्यूनतम योग्यताः यस TOR को ४ नं बुदाँको १.१ मा उल्लेख गरिएको क्रम संङख्या १ देखी १४ सम्म उल्लेख भएको विषयको प्रत्येक तालिमको लागि १ जना CTEVT अर्न्तगत राष्टिय सीप परिक्षण समिति बाट तह १ वा २ उर्तिण गरेको वा नेपाल सरकारको मातहतमा रहेको तालिम प्रदायक संस्थाबाट सम्बन्धीत विषयको तालिम प्राप्त गरेको हुनुपर्नेछ। तर CTEVT बाट सिप परिक्षण गरेका प्रशिक्षकलाई प्राथमिकता दिईनेछ।

ii. अनुभवः सम्बन्धित विषयमा प्रशिक्षक भई काम गरेको अनुभव प्राप्त प्रशिक्षकलाई प्राथमिकता दिईनेछ। तर प्रस्ताव पेश गर्ने संस्था/कम्पनीबाट प्रमाणित कार्य अनुभव उपर मुल्याङ्कन गरिने छैन।

iii. लैङ्गिक तथा सामाजिक समाबेशिकरणः लैङ्गिक तथा सामाजिक समावेशी महिला वा आदिवासी/जनजाती वा दलित वा मधेशी वा अपाङ्ग वा पिछडिएका क्षेत्रलाई प्राथमिकता दिईनेछ। तर सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित प्रतिलिपी पेश भएको हुनुपर्नेछ।

iv. स्थानीय/जिल्ला भित्रको प्रशिक्षकलाई प्राथमिकता दिईनेछ।

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

## प्रस्ताव पेश सम्बन्धी महत्वपूर्ण जानकारीहरु।

क) तोकिएको संङख्यामा माथि उल्लेखित प्रशिक्षक र संयोजक प्रस्ताव नगरेका प्रस्तावना मान्य हुने छैन। एउटै पदको लागि १ भन्दा बढि प्रशिक्षक र संयोजक प्रस्ताव गरेको पाईएमा कुनै एक जनाको मात्रै मुल्याङ्कन गरिनेछ।

ख) प्रस्ताबित प्रशिक्षक र संयोजकको नियुक्ती (संस्था छनौट भएको अवस्थामा काम दिने र काम गर्ने दुबै पक्षबाट मञ्जुरी भएको पत्र वा प्रतिबद्धता पत्र) नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता बा तालिम प्राप्त गरेको प्रमाणपत्र, कार्यअनुभवको प्रमाणपत्र नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्नेछ। प्रस्तावित संयोजक र प्रशिक्षकको कार्यअनुभवको लागि जुन संस्थाले प्रस्ताव पेश गरेको छ सोहि संस्थाले दिएको कार्यअनुभवको सिफारिसलाई मान्यता दिईनेछैन।

## ६. प्रस्तावको ढाँचाः

प्रस्तावको ढाँचाको लागि यस पाँचखाल नगरपालिकामा कार्यालय खुल्ने समयभित्र कार्यालयबाट वा यस कार्यालयको web-site: http://panchkhalmun.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ।

## ७. प्रस्ताव पेश गर्ने तरिकाः

प्रस्ताव पेश गर्न आह्वान गरिए बमोजिम प्राबिधिक प्रस्ताव र आर्थिक प्रस्तावलाई छुट्टाछुट्टै खामबन्दी गरी खाम बाहिर आर्थिक वा प्राबिधिक कुन प्रस्ताव हो सो कुरा स्पष्ट रुपले उल्लेख गरि तोकिएको समयभित्र पेश गर्नु पर्नेछ।

## ८. प्रस्ताव मूल्याङ्कन गर्ने तरिकाः

प्रस्ताव मुल्याङ्कन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमाजली, २०६४ बमोजिम प्राविधिक प्रस्तावको अंक भार ८० र आर्थिक प्रस्तावको न्युनतम रकम प्रस्ताव गर्ने प्रस्तावकलाई २० अंक प्रदान गरिनेछ । प्राविधिक र आर्थिक प्रस्तावको कुल अंकमा सबै भन्दा बढि अंक ल्याउने प्रस्तावलाई छनौट गरिनेछ र दोस्रो र तेस्रो स्थान प्राप्त गर्ने प्रस्तावकलाई क्रमशः बैकल्पिक सूचिमा राखिनेछ। प्राबिधिक प्रस्ताव मुल्याङ्कन गरे पछि मात्र आर्थिक प्रस्ताव खोलिनेछ।

## ९. विविधः

यसमा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१०. अनिवार्य रुपमा पुरा गर्नुपर्ने पूर्व शर्तहरु :-

क) संस्थाको विधान वा नियमावलीमा उल्लेखित उद्देश्य अनुसार काम गर्न मान्यता प्राप्त संस्था समाज कल्याण परिषद/जिल्ला प्रशासन कार्यालयबाट विधिवत रुपमा दर्ता भई प्रस्ताव पत्र पेश गर्ने अन्तिम मिति सम्ममा कम्तिमा २ बर्ष पुरा गरी उद्यम व्यवसाय, व्यवसाय परामर्श, प्रविधि हस्तान्तरण वा सीप विकासको क्षेत्रमा काम गरेको कम्तिमा २ वर्षको अनुभव भएको हुनुपर्नेछ ।

ख) संस्था बिधिवत दर्ता भई नवीकरण अध्यावधी भएको हुनुपर्नेछ ।

ग) कार्याक्षेत्रगत शर्तमा उल्लेख भएका प्रशिक्षकहरुको उपलब्ध हुनुपर्नेछ ।

घ) नेपाल सरकारको नियमानुसार मूल्य अभिबृद्धि करमा दर्ता भएको हुनुपर्नेछ ।

ङ) आ.ब २०७९/०८० को करचुक्ता भएको हुनुपर्नेछ ।

च) कालो सूचिमा नपरेको स्वघोषणा पत्र संलग्न गर्नु पर्नेछ ।

छ) तोकीएको ढाँचामा आर्थिक र प्राविधिक प्रस्ताव पेश गर्नु पर्नेछ

**नोटः संस्था तथा जनशक्ति/प्रशिक्षकको योग्यता/प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नपर्नेछ प्रमाणपत्र पेश भएकोको संस्थाको प्रस्तावना उपर मुल्याङ्कन गरिने छैन।**

११. सेवा प्रदायक संस्थाहरु छनौट तथा मुल्याङ्कनका आधारहरु देहाय अनुसार हुनेछ ।

क) प्रशिक्षक/जनशक्तीः- कार्यक्षेत्रगत शर्तमा समाबेश भए बमोजिमको तालिमको लागि बिषयगत प्रशिक्षकको योग्यता/प्रमाणपत्र ।

ख) प्राविधिक प्रस्ताव

ग) आर्थिक प्रस्ताव :- प्राविधिक प्रस्तावमा उतिर्ण नभएसम्म प्रस्तावकको आर्थिक प्रस्ताव मूल्याङ्कन हुनेछैन।

१२. प्रस्तावना मूल्याङ्कनका आधारः

१. प्राविधिक प्रस्ताव - ८०%

क) कार्यक्रम सम्वन्धि प्रस्तावदाताको अनुभव २५ %

ख) कार्यसम्पादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्त प्रतिको प्रभावग्राहिता -२५ %

ग) जनशक्तिको योग्यता र अनुभव - ४० %

घ) प्रविधि हस्तान्तरण वा तालिम संचालन १० %

२. आर्थिक प्रस्ताव - २०%

२.१ आर्थिक प्रस्ताबको अंक दिने आधारः सार्वजनिक खरिद नियमाजली, २०६४ को नियम ८१ बमोजिम

## आर्थिक प्रस्ताब मुल्यांकनका आधारहरु :

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

प्रस्तावदाताले पेश गरेको प्रस्तावको आर्थिक पक्षबाट देहाय बमोजिम मुल्यांङ्कन गरिने छः

क. प्रति कार्यक्रम खर्च

ख. शिर्षभार

ग. शिर्षभार सदुपयोगिता योजना

नोटः

१) कुल १०० अंकलाई २० अंक भार कायम गरी मूल्यांकन गरिनेछ।

नियमानुसार प्राविधिक प्रस्ताव मूल्यांकन गरिसकेपछि मात्र आर्थिक प्रस्ताव खोलिनेछ। प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावको मूल्यांकनवाट सवैभन्दा वढी अंक प्राप्त गर्ने संस्थालाई छनौट गरिने छ ।

२) कुल कार्यक्रम खर्चको शिर्षभार खर्च १०% भन्दा कम हुनुपर्नेछ।

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

## अनुसुची-१

## प्राबिधिक र आर्थिक प्रस्तावको ढाँचा

प्राविधिक प्रस्तावको ढाँचा

| क्र.स | विवरण |
|---|---|
| १. | परियोजनाको शिर्षकः |
| | छोटो रुपमा उल्लेख गर्नुहोस् (के,किन र कहिले गरिनेछ?)<br>के:<br>किनः<br>कहिलेः |
| | (क) प्राविधिक प्रस्ताव |
| २. | भुमिका र पुष्टयाई |
| | २.१ यो परियोजका लागि लक्षित समुदायको मागका आधारहरु वा पुष्टयाइका आधारहरु के के हुन् ?<br>२.२ परियोजनाको कार्यान्वायनका लागि संस्थाको निर्दिष्ट अनुभवहरु के के छन् ?<br>२.३ यो परियोजनाको लागि योजना तर्जुमा गर्दा (प्रस्ताविक कार्यक्षेत्रमा) के-कस्तो सहभागिता रह्यो? लक्षित समुदाय बिशेषगरी विपन्न समुदायको क्षेत्रको बिकासगर्नको लागि के-कस्ता विचार थियो ? |
| ३. | परियोजनाको उद्देश्यहरु<br>२. SMART सुचकहरु जस्तै निर्दिष्ट (Specific), मापनयोग्य (Measurable), प्राप्त गर्न सकिने (Achievable) सान्दर्भिक (Relevant), समयसिमा (Time-bound), बिपन्नहरुको क्षेत्रको विकासको लागि उद्देश्यहरु) परियोजनाले के उपलब्धि गर्न चाहान्छ ? |
| ४. | परियोजनाको अवधी |

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

५.परियोजनाको तार्किक ढाँचा (Project Logical Framework)

| सारांश | संख्यात्मक उद्देश्यमुलम पुष्ट्याइयोग्य सूचकहरु (Objectively Verifiable Indicators) | गुणात्मक रुपम जाँच गर्न सकिने सूचकहरु (Qualitative Verifiable Indicators) | पुष्ट्याईका आधारहरु | जोखिमहरु र पुर्वानुमानहरु |
|---|---|---|---|---|
| ध्येय (Goal) | | | | |
| उद्देश्य (Purpose) | | | | |
| उपलब्धीहरु (Outputs) | | | | |

६. परियोजना अन्तर्गत सम्पन्न गरिने मुख्य क्रियाकलापहरु

| प्रत्येक क्रियाकलापहरुको उपलब्धीहरु | समयसिमा (कहिले शुरु र सम्पन्न गर्ने) | बिधि/प्रक्रियाहरु (कसरी कार्यान्वायन गर्ने) | सहयोगी संस्थाहरु |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

| ७. | कार्यान्वायनको अवधारणा । |
|---|---|
| | ७.१ परियोजनाको उपलब्धी र परिणाम लाई कसरी दिगो बनाउन सकिन्छ ? |

| | |
|---|---|
| | ७.२ यो परियोजनाको कारण वातावरणमा पर्न सम्भाव्य नकारात्मक असरहरुबाट बच्न के के गर्न सकिन्छ ? कुन वातावरणमैत्री प्रविधि र अभ्यासहरु अबलम्बन गर्न सकिन्छ ?<br>७.३ बिशेषगरी सामाजिक, आर्थिक रुपले पछाडी परेका विपन्न समुदायलाई उनिहरुको क्षमता विकास कसरी सुनिश्चित गर्नुहुन्छ?<br>७.४ उपयुक्त प्रविधिमा पहुँचका लागि कसरी सहजिकरण गर्नुहुन्छ?<br>७.५ प्राबिधिक सीप विकास तालिमका लागि कसरी सञ्चालन र सहजिकरण गर्नुहुन्छ ? |
| ८. | अन्य सरोकारवालाहरु संग सहकार्य र साझेदारी<br>८.१ विषयगत निकायहरु संग कसरी र के का लागि ? कृपया उल्लेख गर्नुहोस्।<br>८.२ निजि क्षेत्रसँग कसरी र के का लागि ? कृपया उल्लेख गर्नुहोस्।<br>८.३ अन्य सरोकारवाला निकायहर सँग कसरी र के का लागि ? कृपया उल्लेख गर्नुहोस्। |
| ९. | अनुगमन तथा मुल्याङ्कन<br>९.१ परियोजनाको गतिबिधि प्रगतीको सुपरीबेक्षण कसरी गर्नुहुन्छ ?<br>९.२ परियोजनाका गतिबिधिहरुको उपलब्धी र परिमाणहरुको अभिलेख कसरी राख्नुहुन्छ ?<br>९.३ नियमित कार्यसम्पादन प्रतिबेदन कसरी तयार गर्नुहुन्छ र आगामी योजना तर्जुमा र नीतिगत प्रभाव पार्न यसलाई कसरी उपयोग गर्न सकिन्छ ? |

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

आर्थिक प्रस्तावको ढाँचा

| | | | | |
|---|---|---|---|---|
| बित्तिय प्रस्ताव | | | | |
| कार्यक्रमबाट अनुरोध गरिएको कुल बित्तिय रकम | | | | |
| प्रस्तावको क्रियाकलापहरु (TOR मा उल्लेख भएका तालिम तथा कार्यक्रमहरु) | समयसिमा २०८० अषाढ २० गते सम्म | कार्यक्रमको योग्दान रु....... | आबेदन गर्ने संस्थाको योगदान रु..... | जम्मा रु |
| उपलब्धिहरु (Output) | | | | |
| दालमोठ, आलुचिप्स बनाउने तालिम र प्रबिधि खरिद | | | | |
| केचप बनाउने सम्बन्धी सिप विकास तालिम र प्रबिधि हस्तान्तरण कार्यक्रम | | | | |
| बेकरी सम्बन्धी तालिम | | | | |
| छालाको जुत्ता सिलाउने सम्बन्धी तालिम र प्रबिधि हस्तान्तरण कार्यक्रम | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | फाईवर झोला बनाउने सम्बन्धी तालिम, प्रबिधि खरिद | | | | |
| | उदघोषण तालिम | | | | |
| | बारिष्टा सम्बन्धी तालिम | | | | |
| | आधुनिक कृषि औजार मर्मत सम्बन्धी तालिम | | | | |
| | मोबाईल मर्मत सम्बन्धी एड्भान्स सीप विकास तालिम | | | | |
| | एड्भान्स ब्युटिपार्लर सम्बन्धी सीप विकास तालिम | | | | |
| | एड्भान्स/ डिजाइन सिलाईकटाई सम्बन्धी तालिम र प्रबिधि हस्तान्तरण | | | | |
| | हजाम सम्बन्धी तालिम | | | | |
| | ढाका बुनाई सम्बन्धी एड्भान्स तालिम सञ्चालन र प्रविधि खरिद | | | | |
| | गलौचा बुनाई सम्बन्धी एड्भान्स तालिम र प्रबिधि खरिद | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | जनशक्ती व्यवस्थापन | | | | |
| | १. | | | | |
| | २. | | | | |
| | शीर्षभार १०% भन्दा कम हुनु पर्ने(Overhead) | | | | |
| | जम्मा | | | | |
| | मूल्य अभिबृद्धि कर (१३%) | | | | |
| | कुल जम्मा | | | | |